# रेडक्रस

नेरेसो

समाचारप्रधान मासिक पत्रिका

वर्ष ५५, अंक ११ | २०८१ असार | June/July 2024


## पत्रकार भेटघाट कार्यक्रम सम्पन्न





काठमाडौं, असार २६ गते । नेपाल रेडक्रस सोसाइटीद्वारा समाज कल्याण परिषद्को प्रतिवेदनलाई हवाला दिएर केही सञ्चार माध्यमहरूमा प्रकाशित समाचारहरूले सर्वसाधारणमा भ्रम सिर्जना गरेकोले रक्तसञ्चार सेवा र संस्थागत सुशासनका सन्दर्भमा सत्य, तथ्य सार्वजनिक गर्न पत्रकार भेटघाट कार्यक्रमको आयोजना गरिएको छ ।

सो कार्यक्रममा बोल्दै नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्राध्यापक सुदर्शनप्रसाद नेपालले सोसाइटीको वर्तमान केन्द्रीय कार्य समितिले रेडक्रस अभियानका सात आधारभूत सिद्धान्तअनुरूप निष्पक्ष, तटस्थ, पारदर्शी र समावेशी हिसावले काम गरी रेडक्रसको छवि बृद्धिमा लागेकोले रेडक्रसका विषयमा केही कुरा आउँदा संस्थासँग सत्य, तथ्य बुझेर मात्र सार्वजनिक गरी रेडक्रसलाई सहयोग गरिदिन अनुरोध गर्नुभएको छ ।

सो कार्यक्रममा संस्थाकातर्फबाट महामन्त्री भूपतिलाल श्रेष्ठले प्रेस विज्ञप्ति सार्वजनिक गर्दै नेपाल रेडक्रस सोसाइटी (नेरेसो) को रक्तसञ्चार सेवा र संस्थागत सुशासनका सम्बन्धमा प्रकाशित विभिन्न समाचारहरूप्रति नेपाल रेडक्रस सोसाइटीको गम्भीर ध्यानाकर्षण भएको बताउनुभयो । साथै विगत केही समयदेखि नियोजित रूपमा संवेदनशील क्षेत्रमा कार्यरत यस संस्थाको छवि कमजोर पार्न र भ्रम सिर्जना गर्न रेडक्रस बिरोधी तत्व निरन्तर सक्रिय हुनु र राजनैतिक हस्तक्षेप गर्न गराउन उद्धत हुनु दुःखद् रहेको बताउनुभएको छ ।

नेपाल रेडक्रस सोसाइटीले अहिले केन्द्रीय रक्तसञ्चार सेवा लगायत प्रादेशिक र जिल्ला तहमा गरी एक सयभन्दा वढी स्थानमा स्वयंसेवक परिचालन गरी रक्तसञ्चार सेवा प्रदान गरिरहेको छ र वर्तमान अवस्थामा देशभरि आएको बाढी पहिरोजस्ता बिपद्को समयमा नेपाल रेडक्रस सोसाइटीका स्वयंसेवकहरू खोज, उद्धार तथा राहत वितरणमा संलग्न रही संकटासन्न समुदायमा जीवन रक्षाका लागि अहोरात्र खटिई रहेको जानकारी गराउनुभयो ।

कार्यक्रममा पत्रकारहरूबाट संस्थाको समाज कल्याण परिषद्को प्रतिवेदन, संस्थाको वैधानिकता, रक्तसञ्चार सेवाको गुणस्तरीयताका सन्दर्भमा उठेका विषयहरूमा नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष र महामन्त्रीले प्रष्ट पार्नुभएको थियो ।

सोसाइटीका उपमहामन्त्री मनोजकुमार थापाले कार्यक्रम सञ्चालन गर्दै प्रत्रकार भेटघाट कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

उक्त पत्रकार भेटघाट कार्यक्रम नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्रा. सुदर्शनप्रसाद नेपालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा रेडक्रसका पदाधिकारीहरू, केन्द्रीय सदस्यहरू, अनलाइन पत्रिका, रेडियो र टेलिभिजनका गरी विभिन्न २० भन्दा बढी सञ्चार माध्यमका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । साथै सो कार्यक्रममा नेरेसोका कार्यकारी निर्देशक लगायत विभागीय निर्देशक र कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

(थप सामग्री पृष्ठ ७ मा पनि हेर्नुहोला)

## आपत्कालीन क्लिनिक सञ्चालन गर्ने सम्बन्धमा सरकारसँग सम्झौता

काठमाडौं, असार ६ गते । विपद्का समयमा पानीजन्य रोगको महामारीको अवस्थामा रेडक्रस आपत्कालीन क्लिनिक सञ्चालन गर्ने सम्वन्धमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेपाल रेडक्रस सोसाइटीबीच सम्झौता गरिएको छ ।

सरकारको तर्फबाट स्वास्थ्य समन्वय महाशाखाका प्रमुख डा. चुमनलाल दास र नेपाल रेडक्रस सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले मन्त्रालयमा आयोजित एक कार्यक्रमका बीच सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको छ । सो सम्झौता पत्रमा मन्त्रालयका तर्फबाट वरिष्ठ स्वास्थ्य प्रशासक डा. समिर कुमार अधिकारी र नेपाल रेडक्रस सोसाइटीका तर्फबाट स्वास्थ्य सेवा विभागका निर्देशक मोना अर्यालले साक्षीका रूपमा हस्ताक्षर गर्नुभएको छ ।

रेडक्रस आपत्कालीन क्लिनिक रेडक्रस रेडक्रिसेन्ट सोसाइटीहरूद्वारा विश्वव्यापी रूपमा सञ्चालन भइरहेको आपत्कालीन मेडिकल टुलस हो । नेपाल रेडक्रस सोसाइटीले सन् २०१७ देखि शुरु गरेको आपत्कालीन क्लिनिक शुरुमा पानीजन्य रोगको महामारी फैलिएको अवस्थामा सञ्चालन गरिँदै आएकोमा हाल भूकम्पलगायत अन्य आपत्कालीन अवस्थामा यो क्लिनिक निःशुल्क सञ्चालन हुँदै आएको छ । यस क्लिनिकबाट आवश्यकता अनुसार अधिकतम् २१ दिनसम्म



दैनिक ५० देखि ८० जना बिरामीहरूलाई स्वास्थ्य सेवा प्रदान गर्न सकिने व्यवस्था रहेको छ ।

सम्झौता पत्रमा मन्त्रलायको तर्फबाट परियोजनाको प्रभावकारिता सुधारका लागि सहजीकरण गर्ने, आवश्यक प्रक्रिया पूरा गर्न र प्राविधिक सहयोगका लागि सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय र सहयोग गर्ने भूमिका रहेको उल्लेख गरिएको छ ।

(बाँकी पृष्ठ ६ मा)

# सम्पादकीय

## विपद् प्रतिकार्यमा नेपाल रेडक्रस सोसाइटीको पहल

नेपाल विश्वमै एक विपद् जोखिम मुलुकको रूपमा चिनिदै आएको छ। खासगरी भौगोलिक विविधता नै यसको प्रमुख कारक तत्व हो। विश्व बैंकको अध्ययनअनुसार नेपाललाई प्राकृतिक प्रकोपको हिसावले विश्वको "हट स्पट" को रूपमा वर्गीकरण गरिएको छ। यसका अतिरिक्त अव्यवस्थित शहरीकरण, बढ्दो जनसंख्या, बनजङ्गल विनाश, भूस्खलन, जनचेतनाको कमि र गरीबिका कारण पनि थप जोखिममा रहेको पुष्टि हुन्छ। नेपालमा वर्षेनी विभिन्न प्रकारका विपद्हरू जस्तैः बाढी, पहिरो, आगलागी, महामारी आदि हुने गर्दछन्। विश्वव्यापी मुद्दाको रूपमा रहेको जलवायु परिवर्तनको कारण हिउँ धेरै पग्लन गई मानवीय एवं आर्थिक संकटका साथै मनसुन लगायत जलवायु चक्रमा परिवर्तन आई विभिन्न विपद्हरू जस्तैः शीतलहर र तातो हावाको लहर बढिरहेको छ। यसर्थ, विभिन्न विपद्का कारण करिव दश हजार परिवारहरू वर्षेनी प्रभावित हुने गर्दछन् भने ठूलो मात्रामा मानवीय क्षति, धनसम्पत्तिको नोक्सानी एवं भौतिक पूर्वाधारहरूमा असर पर्ने गर्दछ। जनसंख्याको तीव्र बृद्धि, बढ्दो शहरीकरण, भवन निर्माण आचार संहिताको कार्यान्वयनको अभावका कारण काठमाडौं उपत्यकाको तीन शहरहरू एवं देशका अन्य शहरहरूमा भूकम्पको कारण हुने सम्भावित क्षति भयावह हुनसक्ने आँकलन गर्न सकिन्छ। विश्वको विपद् प्रतिवेदनअनुसार नेपाल भूकम्पको जोखिमको दृष्टिकोणले ११ औं स्थानमा र बाढीको जोखिमको दृष्टिकोणले ३० औं स्थानमा र जलवायु परिवर्तनको हिसावले चौथो स्थानमा पर्दछ।

हाल मनसुनको प्रभाव देशभरि परिसकेको छ। देशका अधिकांश स्थानहरूमा सरदरभन्दा बढी वर्षा हुने संभावना ३५ देखि ५५ % सम्म रेहेको छ भने सुदुरपश्चिम प्रदेशको उत्तर पश्चिमी भू भाग, बागमती प्रदेशको दक्षिण-पूर्वी भूभाग, मधेश प्रदेशको मध्य भूभाग र कोशी प्रदेशको मध्य तथा मध्यपश्चिमी भूभागमा सरदर बर्षा हुने सम्भावन ३५ देखि ४५ % रेहेका छ। यस वर्षको मनसुन सिजनको वर्षाको आँकलन आगामी जेठ १९ देखि असोज १४ (June – September 2024) सम्म क्रियाशील र हने छ र यस वर्षको मनसुनबाट करिव १८ लाख जंनसख्या प्रभावित रहने र करिव ४ लाख घरहरू प्रभावित हुने पुर्वानअनुमान गरिएको छ। नेपाल सरकार गृह मन्त्रायलद्वारा यस वर्षको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८१ जारी गरी कार्यान्वयमा अगाडि बढिरहेको छ।

यसै सन्दर्भमा, नेपाल रेडक्रस सोसाइटी आपत्कालीन कार्यसञ्चालन केन्द्रले यस वर्षको मनसुन पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वय गरेको छ। विपद् व्यवस्थापनका लागि नेपाल रेडक्रस सोसाइटीका निकायहरूले आवश्यक पर्ने श्रोत, साधन, जनशक्तिहरूको विश्लेषण गरी आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई क्रियाशील बनाई विपद् प्रतिकार्यका कार्यहरू गर्दै आईरहका छन्। तालिम प्राप्त व्यक्तिहरूको सूची अद्यावधिक गरी जिल्ला शाखाहरूमा विपद्मा खटिनका लागि कम्तिमा १० जना स्वयंसेवकहरू तयारी अवस्थामा राखिएको छ। नेपाल रेडक्रस सोसाइटीका प्रदेश, जिल्ला शाखाहरूका लागि प्रारम्भिक द्रुत लेखाजोखासम्बन्धी अभिमुखीकरणहरू सम्पन्न गर्ने र जिल्ला, प्रदेशहरूमा राहत सामग्रीहरूको भण्डारण गर्ने कार्य भइरहेको छ। विपद्को समयमा नगद वितरणका लागि रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ, साझेदार राष्ट्रिय सोसाइटीहरूमा रहेको आपत्कालीन कोषहरूको प्रयोग गर्ने गरी तयारी गरिएको छ।

यसर्थ, विपद् व्यवस्थापनमा तीनै तहका सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकायहरू, रेडक्रसका निकायहरू, उद्योग बाणिज्य संघ, राजनैतिक दल, निजी क्षेत्र, राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसस्थाहरू र क्षेत्रगत निकायहरूको समन्वयमा यस वर्षको मनसुनजन्य विपद् प्रतिकार्य समन्वयात्मक र प्रभावकारी रूपमा हुने अपेक्षा गरिएको छ।

**प्रधान सम्पादक :** भूपतिलाल श्रेष्ठ
**कार्यकारी सम्पादक :** बिपुल न्यौपाने
**सहायक सम्पादक :** नरेन्द्र श्रेष्ठ

# रेडक्रस र पालिका बीच सम्झौता

कैलाली, असार १३ गते। नेपाल रेडक्रस सोसाइटी र कैलाली जिल्लाको टीकापुर नगरपालिका तथा जानकी गाउँपालिका बीच बाढी पूर्वानुमानमा आधारित अग्रिम नगद सहायता वितरणका लागि सहमति पत्रमा हस्ताक्षर सम्पन भएको छ।

डेनिस रेडक्रसको सहयोगमा सञ्चालित बिपद् जोखिम व्यवस्थापनमा सबलताका लागि सहकार्य कार्यक्रम अन्तर्गत नेपाल रेडक्रस सोसाइटीले यस वर्ष कर्णाली नदीमा आउन सक्ने बाढीलाई मध्यनजर गर्दै सङ्कटासन्न घरधुरीहरूलाई बाढीबाट हुनसक्ने प्रभावहरूलाई न्यूनीकरण गर्न र सङ्कटासन्न घरधुरीहरूको न्यूनतम आवश्यकता पूरा गर्ने उद्देश्यका साथ अग्रिम नगद सहायता प्रदान गर्ने कार्यक्रम तय गरेको छ।




टिकापुर नगरपालिका र जानकी गाउँपालिकामा सम्पन्न भएको छुट्टाछुट्टै हस्ताक्षर कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीको तर्फबाट सहमति पत्रमा नेपाल रेडक्रस सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठ र नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखाका सभापति बासुदेव बिनाडी र टीकापुर नगरपालिकाको तर्फबाट नगरप्रमुख रामलाल डगौरा थारू एवं जानकी गाउँपालिकाको तर्फबाट पालिका अध्यक्ष गणेश चौधरीले हस्ताक्षर गर्नु भएको थियो।

उक्त हस्ताक्षर कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक उमेश प्रसाद ढकाल, दुई वटै पालिकाका प्रमुख प्रशासकीय अधिकृत, जिल्ला शाखा कैलालीका पदाधिकारी तथा सदस्यहरू, जानकी गाउँपालिकाका विभिन्न वडाका वडा अध्यक्षहरू, विभिन्न विषयगत शाखाका प्रमुखहरू, डेनिस रेडक्रसका बरिष्ठ कार्यक्रम अधिकृत, नेपाल रेडक्रस सोसाइटीको केन्द्र तथा जिल्लाका कर्मचारीहरूको उपस्थिति रहेको थियो।

**नियमित रूपमा रक्तचाप जाँच गराऔ। उच्च रक्तचाप देखिए चिकित्सकको सल्लाहअनुसार नियमित रूपमा नछुटाईकन औषधिको सेवन गरौ।**



**रक्तदान गर्नुहोस् ताकि अन्य मानिसहरूलाई पनि त्यसो गर्न प्रोत्साहन मिलोस्।**

*"ज्ञान भन्दा ठूलो अर्को कुनै गुरु हुँदैन।" –चाणक्य*

# विश्व रक्तदाता दिवसमा रक्तदाताहरूलाई सम्मान

जुन १४ लाई हरेक वर्ष विश्व रक्तदाता दिवसको रूपमा मनाइन्छ। यस दिवसका अवसरमा संसारभरिका स्वयंसेवी रक्तदाताहरूले गर्नुभएको योगदानको कदर गर्दै सम्मान गरिन्छ। यसै अवसरमा नेपालमा पनि विभिन्न कार्यक्रमहरूको आयोजना गरी यो दिवस मनाइएको छ।

यसै उपलक्ष्यमा आज नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयमा एक कार्यक्रमको आयोजना गरी रक्तदाता र रक्तदान कार्यक्रम आयोजना गर्ने विभिन्न संघसंस्थाका प्रतिनिधि र व्यक्तिहरूलाई खाँदा ओढाई सम्मान गरिएको छ।

कार्यक्रमका अध्यक्ष एवं नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्राध्यापक सुदर्शन प्रसाद नेपालले रक्तदानजस्तो महान अभियानमा सरिक हुनुहुने सम्पूर्ण स्वयंसेवी रक्तदाता एवं संघसंस्था र रेडक्रसका स्वयंसेवक एवं कर्मचारीहरूको योगदानप्रति आभार प्रकट गर्दै धन्यवाद व्यक्त गर्नुभयो।

नेपाल रेडक्रस सोसाइटीको रक्तसञ्चार सेवालाई सुरक्षित र गुणस्तरीय बनाउने र रक्तदाताहरूको उत्प्रेरणा र सम्मान बढाउने सम्बन्धमा कार्यक्रममा प्राप्त भएका सुझावहरूलाई संस्थाले सदैव आत्मसाथ गर्दै सुधारमा अगाडि बढ्ने अध्यक्ष प्राध्यापक नेपालले बताउनुभयो।

कार्यक्रममा बोल्दै महामन्त्री भूपतिलाल श्रेष्ठले स्वास्थ्य सेवाजस्तो व्यक्तिको मौलिक अधिकारसँग जोडिएको रक्तसञ्चारजस्तो महत्वपूर्ण विषयलाई थप गुणस्तरीय बनाउन विशेष ध्यान दिई योजना अनुरुप अगाडि बढिने बताउनुभयो। उहाँले काठमाडौंको प्रदर्शनी मार्गमा निर्माण सम्पन्न भएको अत्याधुनिक भवनबाट छिट्टै सेवा सञ्चालन गरिने र त्यसबाट अझ गुणस्तरीय सेवा प्रदान गर्न सहयोग पुग्ने बताउनुभयो।

कार्यक्रममा बोल्दै गणेशमान सिंह अध्ययन प्रतिष्ठानका अध्यक्ष नरोत्तम बैद्यले रक्तदाता र रक्तदान गर्ने संघ, संस्थाहरूलाई धन्यवाद दिने सकरात्मक सोचका साथ हरेक वर्ष रेडक्रसद्वारा आयोजना गरिने रक्तदाता सम्मान कार्यक्रम प्रशंसनीय रहेको बताउनुभयो। पहिलो पटक रक्तदान गरी रक्तदानको शुरुवात गर्ने पहिलो रक्तदाता दयावीर सिंह कंसाकारले पुऱ्याउनु भएको योगदानको उहाँले स्मरण पनि गर्नुभयो।

कार्यक्रममा रेयुकाईका अध्यक्ष अमित श्रेष्ठले नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्रा.सुदर्शनप्रसाद नेपाललाई रक्तदानका लागि आवश्यक एक थान टेबुल र १० थान कुर्ची हस्तान्तरण गर्नुभएको थियो।

रेयुकाई नेपालका अध्यक्ष अमित श्रेष्ठले रेयुकाईले रक्तदान कार्यक्रमको व्यवस्थापकीय पक्षलाई सहयोग पुऱ्याउन नेपाल रेडक्रसलाई सामग्रीगत सहयोग उपलब्ध गराईदै आएको र रक्तदाताहरू बढाउन क्याम्पसहरूमा रक्तदान सम्बन्धी अभिमुखीकरण कक्षाहरू सञ्चालन गर्ने सोच रहेको बताउनुभयो।

सोही कार्यक्रममा कीर्तिपुर नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख सन्तमान मानन्धरले विरामीलाई नि:शुल्क रगत उपलब्ध गराउने अभियानअन्तर्गत पालिकाहरूमा सबैभन्दा पहिले कीर्तिपुर नगरपालिकाले नेपाल रेडक्रस सोसाइटीसँग सम्झौता गरी नगरवासीलाई नि:शुल्क रगत उपलब्ध गराउन शुरु गरेको र यस अभियानपश्चात् रक्तदाताहरूमा रक्तदानप्रति थप उत्प्रेरणा मिलेको अनुभव गरिएको बताउनुभयो।

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्तसञ्चार सेवाका निर्देशक पवन गुप्ताले कार्यक्रममा बोल्दै यो दिवस संसारभरि रक्तदान गर्ने व्यक्तिहरूलाई सम्झने महत्वपूर्ण दिन भएको बताउनुभयो। यो दिवस विश्व स्वास्थ्य संगठनको आह्वानमा सन् २००४ देखि मनाउन शुरु गरिएको जानकारी गराउँदै रगत र रक्तत्वको सहज, सुलभ र गुणस्तरीय व्यवस्थापनका लागि नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्तसञ्चार सेवा प्रतिवद्ध रहेको बताउनुभयो।




कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका कोषाध्यक्ष बीरबहादुर बस्नेत, स्वयंसेवी रक्तदाता र रक्तदान कार्यक्रम आयोजना गर्ने संघसंस्था, रेडक्रसका जिल्ला शाखा, उपशाखा, युवा रेडक्रस सर्कल, रेयुकाई, लायन्स क्लब, जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौं महानगरपालिका, कीर्तिपुर नगरपालिका, असनटोल सुधार समितिका प्रतिनिधिहरू, रेडक्रसका आजीवन सदस्य, सञ्चार माध्यमका प्रतिनिधिहरू र नेपाल रेडक्रस सोसाइटीका विभागीय निर्देशक, उपनिर्देशक र कर्मचारीहरूको उपस्थिति रहेको थियो।

## दिवसका अवसरमा विभिन्न जिल्लामा भएका गतिविधिहरू:

विश्व रक्तदाता दिवस, जुन १४ का अवसरमा नेपाल रेडक्रस सोसाइटीका जिल्ला शाखाहरूले विभिन्न कार्यक्रमहरू आयोजना गरेका खबरहरू प्राप्त भइरहेका छन्।

नेपाल रेडक्रस रेडक्रस सोसाइटी **चितवन** जिल्ला शाखाद्वारा सञ्चालित नेरेसो प्रादेशिक रक्तसञ्चार केन्द्र मार्फत कोभिड -१९ का वर्षहरू देखि रक्तदान गर्नुहुने रक्तदाता संघसंस्था तथा महानुभावहरूलाई विश्व रक्तदाता दिवसका अवसरमा सम्मान गरिएको छ।

कार्यक्रममा कोभिड-१९ को समयदेखि हालसम्म रक्तदान कार्यमा सहयोग पुऱ्याउनुहुने रक्तदाता संघसंस्था एवं रक्तदाता महानुभावहरू र कर्मचारीहरूलाई सम्मान पत्र एवं मायाको चिनो प्रदान गरिएको थियो।

नेपाल रेडक्रस सोसाइटी चितवन जिल्ला शाखाका सभापति हरिप्रसाद पौडेलको सभापतित्व भएको कार्यक्रममा भरतपुर महानगरपालिका प्रमुख रेनु दाहाल, उपप्रमुख चित्रसेन अधिकारी, प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, नेपाल रेडक्रस सोसाइटीका उपमहामन्त्री मनोजकुमार थापालगायत केन्द्र र प्रदेशका पदाधिकारी र सदस्यहरुका साथै सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधिहरू, रक्तदाता अभियान्ता एवं रक्तदाताहरू उपस्थिति रहेको थियो।

नेपाल रेडक्रस सोसाइटी **भक्तपुर** रक्तसञ्चार सेवाले २० औ विश्व रक्तदाता दिवसको अवसरमा रक्तदाताहरू, रक्तदान कार्यक्रम आयोजना गर्ने संघ संस्थाहरुलाई प्रशंसा पत्र, मायाको चिनो प्रदान गरिएको थियो। यस्तै रक्तसञ्चार बुलेटिन प्रकाशन गरिएको छ।

कार्यक्रममा प्रतिनिधि सभा सदस्य माननीय दुर्लभ थापा, चाँगुनारायण नगर प्रमुख जिवन खत्री, भक्तपुरका प्रमुख जिल्ला अधिकारी रोशनी श्रेष्ठलगायत सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधि, रक्तदाता, रक्तदान कार्यक्रमको आयोजना गर्ने संघसंस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

नेपाल रेडक्रस सोसाइटी **कास्की** जिल्ला शाखाले विश्व रक्तदाता दिवसको अवसरमा रक्तदाता उत्प्रेरणा कार्यक्रमको आयोजना गरेको छ।

नेपाल रेडक्रस सोसाइटी **बाँके** जिल्ला शाखाले दिवसका अवसरमा वृहत रक्तदान कार्यक्रमको आयोजना गरेको छ।

प्रजातन्त्रिक उद्योग व्यवसायी संघ, स्वयंसेवी रक्तदाता समाज, जनमत अर्द्धसाप्ताहिक, एसओएस र नेपाल स्वयंसेवी रक्तदाता समाजको समन्वयमा रक्तदान कार्यक्रमको आयोजना गरिएको हो। नेपाल रेडक्रस सोसाइटी बाँके जिल्ला शाखाका सभापति गोवर्धन सिंह सम्झनाको उपस्थितिमा भएको रक्तदान कार्यक्रममा जिल्ला शाखाका पदाधिकारी, सदस्य, कर्मचारी र रक्तदाता एवं रक्तदान कार्यक्रम आयोजना गर्ने संघसंस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा धेरै पटक रक्तदान गर्ने रक्तदाता र संघसंस्थाहरूलाई सम्मान पनि गरिएको थियो।

## विपद् व्यवस्थापन गतिविधि

### बाढीको जोखिमका बारेमा अभिमुखीकरण

नेपालगञ्ज, असार १४ गते ।  राप्ती नदी किनारका बस्तीहरूलाई लक्षित् गरी बाढी जोखिमका प्रभावहरू न्यूनीकरण गर्ने उद्देश्यले नेपाल बाढी सामान्य पूर्वकार्य प्रोटोकलको जिल्ला स्तरीय अभिमुखीकरण कार्यक्रम नेपालगञ्जमा सम्पन्न भएको छ ।

रेडक्रस तथा रेडक्रिसेण्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघ र नेपाल रेडक्रस सोसाइटीद्वारा बाँके जिल्लाको राप्तीसोनारीको वडा नम्बर १ देखि ७, नरैनापुरको वडा नम्बर ५ र ६ र डुडुवा गाउँपालिकाको १ देखि ५ नम्बर वडाका समुदायलाई सहयोग हुने बताइएको छ ।

उक्त वडाहरूमा बाढी प्रभावित समुदायको क्षमता अभिबृद्धि, राहत सहयोग, स्वास्थ्य सेवा र खानेपानीमा पहुँच, संकटासन्न समूह, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गको पहिचान, जोखिम र अस्थायी आश्रय स्थलको नक्साङ्कन, स्वयंसेवक परिचालन, स्थानीय तह र नेपाल रेडक्रस सोसाइटीका उपशाखाहरूसँगको समन्वय लगायतका गतिविधि सञ्चालन हुनेछ ।

नेपाल रेडक्रस सोसाइटी बाँके शाखाका सभापति गोवर्धन सिंह सम्झनाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा गाउँपालिकाका अध्यक्ष र वडा अध्यक्षहरू, विपद् फोकल पर्सन, जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी बाँके जिल्ला कार्यसमितिका पदाधिकारी तथा सदस्य र उपशाखाका पदाधिकारी र कर्मचारी लगायतको सहभागिता रहेको थियो । अभिमुखीकरण बाँकेका उपनिर्देशक दोलखबहादुर डाँगी, केन्द्रीय कार्यालयबाट विपद् तथा संकट व्यवस्थापन विभागका कार्यक्रम संयोजक डम्बर विष्ट र कार्यक्रम अधिकृत प्रमोद अधिकारीले सहजीकरण गर्नु भएको थियो ।

### शुक्ला गण्डकीका पहिरो प्रभावितलाई राहत वितरण

तनहुँ, असार २४ गते । शुक्ला गण्डकी ७ काउरे, खहरेमा असार २२ गते अविरल वर्षाका कारण गएको पहिरोमा परी मृत्यु भएका हिरा नेपाली, श्यामबहादुर भण्डारी तथा अनिषा बास्तोलाको परिवारलाई नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा तनहुँको समन्वयमा तथा सूर्य नेपाल प्रा.लि.को सहयोगमा प्रभावित परिवारलाई राहत सामग्री वितरण गरिएको छ ।

नेपाल रेडकस सोसाइटी दुलेगौंडा उपशाखाका सभापति श्यामबहादुर केसीको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी तनहुँ जिल्ला शाखाले गैरखाद्य एवं खाद्य सामग्री मृतकका परिवार र विस्थापित परिवारहरूलाई वितरण गरिएको थियो । सो विपद्बाट चार परिवार विस्थापित भएको जनाइएको छ ।

### दुई हजारभन्दा बढी विद्यार्थीलाई विद्यालय सामग्री वितरण ।

नेपाल रेडक्रस सोसाइटीले कर्णाली भूकम्प पुनर्लाभकार्यक्रम अन्तर्गत प्रभावित जिल्लाका विद्यालयहरूमा विद्यालय सामग्री वितरण गरेको छ । हङकङ रेडक्रसको सहयोगमा जाजरकोट, रुकुमपश्चिम र सल्यान जिल्लाका भूकम्प प्रभावित विद्यालयका विद्यार्थीहरूका लागि सामग्री वितरण गरिएको हो । जाजरकोट जिल्लाका ७ विद्यालयका १ हजार ६ सय ४८ विद्यार्थीहरूलाई, रुकुम पश्चिममा ५ सय ५१ विद्यार्थीहरूलाई र सल्यान जिल्लाका २ सय ७४ जना विद्यार्थीहरूलाई झोला, स्टेशनरी लगायतका सामग्री वितरण गरिएको हो ।



### बृहत् बृक्षारोपण कार्यक्रम




बाजुरा, असार १३ गते । प्रकृतिमा आधारित समाधान (Nature Based Solution) अन्तर्गत लोणीमा सामुदायिक वन उपभोक्ता समूहको आयोजना र बाजुरा जिल्ला शाखाको समन्वयमा खप्तड छेडेदह गाउँपालिका ५ डोगडीमा  वृहद् बृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ । सो स्थानमा बाँस, बकाइनो, सालीम, बाबियो र डालेघासका गरी १ हजार ८०० भन्दाबढी बोट बिरुवाहरू रोपिएका छन्  ।

खप्तड छेडेदह गाउँपालिका ५ को आर्थिक सहयोग र  डिभिजन वन कार्यालयको सहयोगमा सम्पन्न उक्त कार्यक्रममा खप्तड छेडेदह गाउँपालिका अध्यक्ष, लोणीमा सामुदायिक वन उपभोक्त समितिका पदाधिकारी एवं सदस्यहरू, डोगडी , नवदुर्गा र  शैलेश्वरी सामुदायिक विपद् व्यवस्थापन समितिका पदाधिकारीहरू र समुदायको सहभागिता रहेको थियो ।



# सर्पको टोकाइपश्चात डोरीले बाँध्ने, मुखले चुस्ने, चिर्ने गर्नु गलत हो ।

*वर्षा यामको शुरुवातसँगै सर्पदंशको विगविगी बढ्छ र विषालु सर्पको टोकाइका कारण धेरै मानिसको ज्यान जानेको गरेको छ । यसै सन्दर्भमा झापा जिल्लास्थित सहारा सर्पदंश उपचार केन्द्रका सर्पदंश उपचार केन्द्रका प्राविधिक एवं इन्चार्ज अभिषेक पोखरेलसँग नेपाल रेडक्रस सोसाइटीका सञ्चार अधिकृत कृष्ण नेपालले गर्नुभएको कुराकानीको सार संक्षेप:*

### सर्पको टोकाइ कुन समयबाट शुरू हुन्छ ? र यस उपचार केन्द्रमा बिरामीहरु कस्ता कस्ता समस्याहरु लिएर आउनुहुन्छ ?

सर्पदंशले विशेष गरी तराईका जिल्लाहरूमा महामारीको रूप लिन्छ । वर्षा यामको शुरुभएपछि असारदेखि कात्तिकसम्म सर्पदंशको बढी जोखिम हुन्छ। कतिपय अवस्थामा बिरामीहरू डराउँदै, आत्तिदै आउनुहुन्छ । कतिपय बिरामीहरूलाई बिषालु सर्पले टोकेको हुन्छ भने कतिपय अवस्थामा विष नभएका सर्पले टोकेको हुन्छ ।

सर्पले टोकेपछि डराउने, आत्तिने, आँखा धमिलो हुने, बोली लरबराउने, पूरै शरीर नै प्यारालाइज हुने आदि लक्षण देखिन्छन् र नबिषालु सर्पले टोकेका बिरामीहरूमा आत्तिने, डराउने आदि लक्षण हुन्छन् ।

### उपचार केन्द्रबाट कसरी सेवा दिइन्छ ?

सर्वप्रथम, बिरामीको हिस्ट्रि लिइन्छ। के कस्ता लक्षण छन् त्यसको आधारमा लक्षणहरू पहिचान गरी मनोसामाजिक परामर्श दिने वा एण्टी स्नेक भेनम (Anti Snake Venum) को प्रयोग गरेर उपचार अघि बढाइन्छ ।

### सर्वसाधारणमा सर्पले टोकिसकेपछि समयमै उपचारका लागि सर्पदंश उपचार केन्द्रमा गइहाल्नुपर्छ भन्ने चेतना कत्तिको देखिन्छ ?

विगतका वर्षहरूको तुलनामा जनचेतनाका कार्यक्रमहरूमार्फत् चाँडोभन्दा चाँडो सर्पदंश उपचार केन्द्रमा जानुपर्छ भन्ने सन्देश दिइरहेका छौं । यसले गर्दा जनचेतनाको स्तर अभिबृद्धि हुँदैछ । तर कतिपय अवस्थामा सर्पले टोकेपछि धामीझाँक्रीकोमा जाने अन्य र उपचार प्रक्रियामा अल्मिलिने गरेर अति ढिला सर्पदंश केन्द्रमा आइपुग्ने गर्नु हुन्छ । तर तुलनात्मक रूपमा पहिलेभन्दा अहिले चेतनाको स्तर बढेको छ ।

### सर्पको टोकाइपश्चात डोरीले बाँध्ने, मुखले चुस्ने, चिर्ने गरेको पाइन्छ, के यसो गर्नु ठीक हो ?

सर्पको टोकाइपश्चात डोरीले बाँध्ने, मुखले चुस्ने, चिर्ने गर्नु एकदम गलत हो । यसले सेकेण्डरी इन्फेक्सन गराउन सक्छ र त्यस्तो अंगहरूनै काटेर फाल्नु पर्ने अवस्था पनि आउन सक्छ। यसो गर्नु हुँदैन सबैभन्दा राम्रो चाँडोभन्दा चाँडो सर्पदंश उपचार केन्द्रमा गएर उपचार लिनु नै हो ।

### सर्पदंशका घटना नहोस् भन्नका लागि के गर्न सकिन्छ ?

सर्पदंशका घटनालाई न्यूनीकरण गर्न त्यस्तो कठिन छैन सामान्य कुराहरूमा ध्यान दिन सकेमा पनि जोखिमलाई न्यूनीकरण गर्न सकिन्छ । सरसफाइमा ध्यान दिने, घर वरपर सफा राख्ने, झाडी भएमा त्यसलाई नष्ट गर्ने । सर्प बस्ने उपयुक्त स्थानहरू जस्तैः दाउरा, ढुंगा थुपारेको ठाउँ आदिमा काम गर्दा ध्यान पुऱ्याउने। रातमा काम गर्दा टर्चलाईट प्रयोग गर्ने, गर्मी याममा बाहिर सुत्ने, भुईंमा नसुत्ने सकेसम्म खाटमा सुत्ने, झुलको प्रयोग गर्ने आदि गरेमा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

### नेरेसोले सञ्चालन गरेको सर्पदंश उपचार सेवा कत्तिको महङ्गो हुन्छ ?


यो नाफामूलकभन्दा पनि सेवामूलक संस्था हो । यसमा ज्यादै न्यून शुःल्क लाग्छ। विषालु सर्पको टोकाइको उपचारमा प्रयोग हुने 'एण्टी स्नेक भेनम' नेपाल सरकारले नै उपलब्ध गराएकोले हाम्रा अन्य सेवाहरू पनि न्यून मूल्यमा सञ्चालित छन्। बिरामीलाई आर्थिक भार पर्ने खालको छैन ।

### अन्य निकायहरुसँग पनि समन्वय हुन्छ ?

हाम्रो यो सर्पदंश उपचार केन्द्र स्थानीय समाजिक संघ, संस्थाहरूको समन्वयमा नै सञ्चालित छ । विशेषगरी नेपाल रेडक्रस सोसाइटी, नगरपालिका, सहारा नेपाल कोष, लायन्स क्लब अफ कन्काइ सुरुगां, उद्योग वाणिज्य संघ आदिको समन्वयमा सञ्चालन भइरहेको छ ।

### सर्पदंशका बारेमा तपाईको मुख्य सन्देश के छ ?

सर्पदंशका टोकाइले वर्षेनी धेरैले अकाल मृत्युवरण गरिराख्नु परेको छ। यसबाट जोगिन विभिन्न उपायहरू जस्तैः सर्पदंश न्यूनीकरणका लागि आवश्यक जनचेतना फैलाउने र विशेष गरी नेपाल सरकार र नेपाल रेडक्रस सोसाइटीजस्ता निकायहरूले विशेष चाँसो राखेर योजना बनाएर काम गर्न सकेमा सर्पदंशबाट हुने बार्षिक मृत्युदरलाई अझै घटाउन सकिन्छ ।



## सर्पले टोकिसकेपछि :

- सर्पले टोकेको व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिनुहोस् ।
- तुरून्त अस्पताल वा सर्पदशं उपचार केन्द्र पुर्याउँ ।
- सवारी साधनमा लैजाँदा घाइतेलाई बसाएर लैजाउँ ।
- यसो गर्दा सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पार्न लगाउँ ।
- घडी, चुरा, औंठी, पाउजु, पेटी खोल्दिउँ ।
- आफ्नो नजिकको सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।

नेपाल रेडक्रस सोसाइटी

## "आफु र समाजका लागि योग"

### अन्तर्राष्ट्रिय योग दिवस, जुन १४ २०२४

**योग स्वस्थ जीवन र आरोग्यताको लागि गरिने शारीरिक, मानसिक र आध्यात्मिक अभ्यास हो । योग व्यायाम मात्र नभइ योगले स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्दछ ।**

**योग अभ्यास किन गर्ने ?**

- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोबृत्ति कायम राख्न ।
- मुटुरोग, मधुमेह, क्यान्सरजस्ता नसर्ने रोगहरूको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

नेपाल रेडक्रस सोसाइटी

## जुनियर युवा गतिविधि

### विद्यालयमा प्राथमिक उपचार तालिम

तनहुँ । नेपाल रेडक्रस सोसाइटी दुम्सिकोट उपशाखा व्यास नगरपालिका १०, तनहुँद्वारा सञ्चालन गरिएको दुई दिने विद्यालय आधारभूत प्राथमिक उपचार तालिम सम्पन्न भएको छ । व्यास नगरपालिका १० नम्बर वडा कार्यालयको आर्थिक सहयोगमा सञ्चालन भएको उक्त तालिममा उपशाखाअन्तर्गत रहेका पाँचवटा सामुदायिक विद्यालयका जुनियर तथा युवा रेडकसका विद्यार्थी र शिक्षक नायकहरू ३० जनाको सहभागिता रहेको थियो । तालिममा नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेशका महासचिव रामदत्त पौडेल तथा उपमहासचिव कृष्णचन्द्र पाण्डेले सहजीकरण गर्नुभएको थियो ।

नेपाल रेडक्रस सोसाइटी दुम्सिकोट उपशाखाका सभापति ईश्वर पौडेलको सभापतित्वमा सञ्चालित तालिम समापन कार्यक्रममा वडा अध्यक्ष खेम पोखरेलले विद्यालयहरूलाई प्राथमिक उपचारको सामग्री सहितको कीटबक्स वितरण गर्नुभएको थियो ।



### साइबर अपराधसम्बन्धी प्रशिक्षण

काठमाडौं, असार २१ गते । बढ्दो साइबर अपराधका घटनाहरूलाई मध्यनजर गर्दै युवा रेडक्रस सर्कल नेपाल कमर्स क्याम्पसद्वारा साइबर अपराधसम्बन्धी जनचेतनामूलक प्रशिक्षण कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रमको प्रशिक्षक प्रहरी वृत्त नयाँ बानेश्वरका प्रहरी निरीक्षक सन्तोष बस्याल रहनु भएको थियो । ९० जना सहभागी हुनु भएको कार्यक्रममा उपस्थित सहभागीहरुले आफ्नो व्यक्तिगत जानकारी कसरी सुरक्षित गर्ने, सम्भावित घटनाहरू पहिचान गर्ने, र यदि तपाईं अनलाइन अपराधको शिकार हुनुभयो भने, हामी आफूलाई र हाम्रा प्रियजनहरूलाई सुरक्षित राख्नको लागि कस्ता कदम चाल्नुपर्छ, साइवर अपराधको शिकार भएमा उजुरी दिनेजस्ता विषयहरूमा प्रशिक्षण प्रदान गरिएको थियो ।

### केन्द्रमा स्वहेरचासम्बन्धी अभिमुखीकरण सम्पन्न

काठमाडौं, असार १६ गते । नेपाल रेडक्रस सोसाइटीका सबै विभागका कर्मचारी तथा स्वयंसेवकहरूको लागि स्वहेरचाह (तनाव व्यवस्थापन) सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम सोसाइटीको केन्द्रीय कार्यालयमा सम्पन्न भएको छ ।

सो कार्यक्रमको औपचारिक रूपमा शुभारम्भ गर्दै नेपाल रेडक्रस सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठले हामी रेडक्रसमीं तथा स्वयंसेवकहरू विपद् तथा आपत्कालीन जुनसुकै अवस्थामा पनि सचेत भएर खटिनुपर्ने भएकोले सर्वप्रथम आफ्नो स्वहेरचाहमा ध्यान दिनु अति आवश्यक रहेको बताउनुभयो । समुदायमा सेवा पुऱ्याउने क्रममा आफ्नो मानसिक स्वास्थ्यको ख्याल गर्दै तनावरहित वातावरणमा सेवा पुऱ्याउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै सोसाइटीको स्वास्थ्य सेवा विभागका निर्देशक मोना अर्यालले कर्मचारी तथा स्वयंसेवकहरूलाई मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्शको महत्वका बारेमा जानकारी गराउने, कार्यालय र कार्य वातावरणमा उत्पन्न हुनसक्ने तनावपूर्ण अवस्थालाई व्यवस्थापन गर्ने उपायहरूको अभ्यास गराउने र काम गर्न स्वस्थ वातावरण सिर्जना गर्ने उद्देश्यका साथ अभिमुखीकरणको आयोजना गरिएको बताउनुभयो ।



कार्यक्रममा तनाव परिचय, तनाव उत्पन्न गराउने कारण र यसका असरहरूका साथै व्यवस्थापनका उपायहरूका बारेमा सैद्धान्तिक ज्ञान दिइनुका साथै सहभागीहरू बीच समूहगत छलफल र अभ्यास पनि गराइएको सो कार्यक्रममा सोसाइटीका विभिन्न विभागका कर्मचारी र स्वयंसेवकहरू गरी ४० जनाको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा त्रिभुवन विश्वविद्यालय परामर्श मनोविज्ञान विषय स्नातकोत्तर तहका विभागीय संयोजक खेमराज भट्टले सहजीकरण गर्नुभएको थियो ।

नेपाल रेडक्रस सोसाइटीले स्वास्थ्य सेवा विभाग अन्तर्गत भूकम्प प्रभावित विभिन्न जिल्लाहरूमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सहयोगसम्बन्धी कार्यक्रममार्फत् विभिन्न गतिविधिहरू सञ्चालन गरिरहेको छ । यस अभिमुखीकरण कार्यक्रमबाट कर्मचारी तथा स्वयंसेवकहरूले प्रदान गर्ने सेवाकार्यमा थप प्रभावकारिता आउने अपेक्षा गरिएको छ ।

(पृष्ठ १ को बाँकी)

### सरकार र ...

यस्तै सम्झौता पत्रमा नेपाल रेडक्रस सोसाइटीको तर्फबाट रेडक्रस आपत्कालीन कार्यक्रमको योजना निर्माण, कार्यान्वयन, अनुगमन, प्रतिवेदन तथा मूल्याङ्कन र सूचना तथा जानकारीको सुनिश्चितता लगायतका भूमिकाहरू उल्लेख गरिएको छ ।

यो समझदारी पत्र हस्ताक्षर भएको मितिदेखि २०२७ जुन ११ सम्म (तीनवर्ष) कायम हुने र दुवै पक्षको समझदारी र लिखित सहमतिमा सम्झौता अवधिलाई नवीकरण गर्न सकिने व्यहोरा पनि सम्झौता पत्रमा उल्लेख छ ।

आपत्कालीन क्लिनिक सञ्चालनमा क्यानेडियन रेडक्रसको सहयोग रहेको छ । सम्झौता पत्र हस्ताक्षर कार्यक्रममा क्यानेडियन रेडक्रसका प्रतिनिधि रमेश न्यौपाने र नेपाल रेडक्रस सोसाइटी स्वास्थ्य सेवा विभागका अधिकृत रेखा भट्टलगायतको उपस्थिति रहेको थियो ।

### लामखुट्टेको टोकाइबाट हुनेडेंगुका विरामी बढिरहेकोले,

- पुरा बाहुला भएको लुगा लगाउने ।
- झुलभित्र मात्र सुत्ने ।
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने गरी जाली हाल्ने ।
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने ।
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने ।
- गमलाको प्लेट, फुलदानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एकपटक सफा गर्ने ।
- पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोपेर राख्ने ।
- साँझ र विहान करेसावारी, चोक वजारतिर जाँदा वा घर वाहिर निस्कँदा सावधानी अपनाउने । ●

# अनर्गल र अप्रमाणित विषयहरुलाई चिर्न सत्य, तथ्य प्रेस विज्ञप्तिमार्फत् सार्वजनिक गरेका छौं । नेरेसो महामन्त्री, भूपतिलाल श्रेष्ठ

*मनसुनजन्य विपद् पूर्वतयारी र रक्तसञ्चार सेवा लगायतका गतिविधिका साथै नेपाल रेडक्रस सोसाइटीका विषयमा हालै सञ्चार माध्यमहरूमा प्रकाशित भ्रामक समाचारका सम्बन्धमा सोसाइटीद्वारा हालै आयोजित पत्रकार भेटघाट कार्यक्रमका सन्दर्भमा सोसाइटीका महामन्त्री भूपतिलाल श्रेष्ठसँग सोसाइटीका सञ्चार अधिकृत कृष्ण नेपालले गर्नुभएको कुराकानीको सार संक्षेपः*

### यसवर्षको मनसुन शुरू भएसँगै ठूलो मात्रामा धनजनको क्षति भएको छ । हालको अवस्थामा नेपाल रेडक्रस सोसाइटीले कसरी काम गरिरहेको छ ?

नेपाल रेडक्रस सोसाइटी रेडक्रसको अन्तर्राष्ट्रिय महासंघको एक सदस्य राष्ट्रिय सोसाइटीको हिसाबले देशैभर क्रियाशील छ । नेपाल रेडक्रस सोसाइटी सातै प्रदेशमा कार्यालय, सतहत्तरै जिल्लामा शाखा, एक हजार ६ सयभन्दा बढी उपशाखा र ६ हजारभन्दा बढी जुनियर युवा रेडक्रस सर्कलमा आवद्ध १२ लाखभन्दा बढी हाम्रा सदस्य एवं स्वयंसेवकहरू मार्फत् मानवीय सेवामा क्रियाशील छ । सदैव हामी सरकारको सहयोगीको रूपमा विपद् लगायत स्वास्थ्य र अन्य क्षेत्रमा पनि काम गरिरहेका छौं ।

यसवर्षकै मनसुनको सन्दर्भमा पनि औसतभन्दा बढी पानी पर्ने र यसले ठूलो क्षति पुग्ने आंकलन जल तथा मौसम विज्ञान विभागले गरेअनुरूप सातै प्रदेश र सतहत्तरै जिल्लालाई मनसुनजन्य विपद्को पूर्वतयारी अवस्थामा रहन पत्राचारमार्फत् अनुरोध गरिनुका साथै र योजनाहरू निर्माण गरेका छौ । नेपाल रेडक्रसभित्र उत्पादन गरिएका क्याडरे, प्राथमिक उपचारक, एनडीआरटी, डीडीआरटी लगायतका दक्ष जनशक्तिहरूलाई अद्यावधिक गरी सजग र तयारी अवस्थामा राख्न जिल्ला शाखाहरूलाई अनुरोध गरेका छौं । हाल भइरहेका बाढी पहिरोका घटनाहरूमा हाम्रा स्वयंसेवकहरूले खोज तथा उद्धार र राहत वितरणमा सहयोग गर्ने काम गरिरहनु भएको छ । त्यस्तै क्षतिको विवरण संकलन गर्न क्षतिको द्रुत सर्वेक्षणको लागि प्रारम्भिक द्रुत सर्वेक्षण (IRA) फाराम भरेर जिल्लाहरूबाट मगाउने काम केन्द्रबाट भइरहेको छ । IRA को आधारमा तत्कालका लागि राहत उपलब्ध गराइन्छ भने विस्तृत सर्वेक्षण आईसकेपछि थप सेवा कसरी पुऱ्याउने भन्ने विषयमा आवश्यकता हेरी थप दक्ष जनशक्तिहरू परिचालन गरिन्छ । देशका विभिन्न स्थानमा रहेका गोदामघरहरूमा राहत सामग्री भण्डार गर्ने कार्य भइरहेको छ । विपद्का बेलामा रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ र साझेदार राष्ट्रिय सोसाइटीहरूसँग सहकार्य गरी कार्य गरिनेछ ।

### तत्कालीन अवस्थाको कुरा गर्दा नेपाल रेडक्रस सोसाइटीका बारेमा सञ्चार माध्यमहरुमा विभिन्न खाले समाचारहरु प्रकाशन भएका छन्, वास्तविकता के हो ?

नेपाल रेडक्रस सोसाइटी अविच्छिन्न उत्तराधिकारी संस्थाको रूपमा निरन्तर जनताको दुःख, सुखको साथीको रूपमा क्रियाशील छ । पछिल्लो समयमा वैधानिक हिसावले लामो समयसम्म नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्य समितिको निर्वाचन हुन सकेको थिएन । विधानतः महाधिवेशन मार्फत् हुने केन्द्रीय कार्य समितिको निर्वाचन हुन नसकेको कारणले विभिन्न समयमा सरकारले समाज कल्याण ऐनलाई आधार मानेर त्यसमार्फत तदर्थ केन्द्रीय समितिहरू गठन भए । त्यसबाट पनि केन्द्रीय कार्य समितिको निर्वाचन हुन नसेकोले निर्वाचन भइदियो भने विधान लिकमा आउने थियो र मानवीय सेवाकार्यलाई नियमित रूपमा अगाडि बढाउन सकिन्थ्यो भन्ने सबैको आशा थियो र हाम्रो पनि चाहना त्यही थियो । सोहीअनुरूप सबै प्रक्रिया पूरा गरेर नेपाल रेडक्रस सोसाइटीको विधानअनुसार रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ, नेपाल सरकारका विभिन्न मन्त्रालय, जिल्ला प्रशासन कार्यालय एवं अदालतहरूबाट भएको आदेशबमोजिम विधिवत रूपमा २०८० साल साउन १ र २ गते नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यसमितिको निर्वाचन सम्पन्न भयो । आजका दिनसम्म नेपाल रेडक्रस सोसाइटीले केन्द्र, प्रदेश, जिल्ला र समुदाय स्तरमा सरकारको सहयोगीको रूपमा संगठनात्मक हिसावले सेवाकार्यहरू गरिरहेको छ ।

नेपाल रेडक्रस सोसाइटीका विषयमा केही समस्याहरू छन् र यति ठूलो संस्थामा केही न केही समस्या त रहन्छ नै । तथापि मूल रूपमा लामो समयदेखि संस्था दर्ता नवीकरण हुन सकेको थिएन । त्यसमा आम रेडक्रसकर्मी र सबैको सहयोग प्राप्त गरी काठमाडौं महानगरपालिकाको सिफारिस, समाज कल्याण परिषद्मा नेपाल रेडक्रस सोसाइटीको तर्फबाट पुरा गर्नुपर्ने सबै प्रक्रिया पुरा गरेर समाजकल्याण परिषद्कै सिफारिशमा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा वैधानिक हिसाबले संस्था दर्ता नवीकरण गर्न सफल भएका छौं । यही बीचमा रेडक्रस कानुन, केन्द्रीय कार्यसमितिको निर्वाचन र सुशासनका विषयमा प्रधानमन्त्री कार्यालयबाट तीन बुँदे निर्देशन आइसकेपछि कानुन निर्माणको काम पनि अघि बढेकै छ, केन्द्रीय कार्यसमितिको निर्वाचन भइसकेको छ र सुशासनका विषयमा पनि नेपाल रेडक्रस सोसाइटी विधानलाई समयानुकुल परिमार्जन गर्ने, नीति, नियम र कार्यविधिहरूलाई समयानुकुल बनाउन प्रयत्नशील छौं ।

विभिन्न विपद्का घटनाहरूमा विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका काम र स्वास्थ्य क्षेत्रका रक्तसञ्चार लगायत संगठन र जनकल्याणका क्षेत्रमा आफ्ना गतिविधिहरूसलाई द्रुत रूपमा अगाडि बढाइरहेकै सन्दर्भमा अप्रत्याशित ढंगले समाजकल्याण परिषद्का अध्यक्षबाट रेडक्रसको छानविनको नाममा २८ बुँदे प्रश्नहरू तय गरेर छानविन समिति गठन भएको जानकारी गरायौं । ती २८ बुँदे प्रश्न र जिज्ञासाहरू भित्र रहेर नेपाल रेडक्रस सोसाइटीको तर्फबाट सबै कुराहरू समाज कल्याण परिषद्लाई उपलब्ध गरायौं । छानविनका लागि उहाँहरू आएर अध्ययन पनि गर्नुभयो । छानविन समितिलाई नेपाल रेडक्रस सोसाइटीको तर्फबाट वर्तमान नेतृत्व आएदेखि यता एक वर्ष अवधिको र त्यसभन्दा आगाडिका पनि सबै प्रमाण र अभिलेखहरू प्रष्ट रूपमा जानकारी गरायौं । छानविनको अन्तिम रूपमा रिपोर्ट दिने क्रममा नेरेसोका पदाधिकारीहरूसँग बसेर अन्तिम रूप दिन्छौं भनी हामीसँग प्रतिवद्धता जनाउनुभएको थियो । तर अप्रत्याशित रूपमा छानविन समितिको तर्फबाट रिपोर्ट पेश भएको कुरा पत्र, पत्रिकाबाट थाहा पायौं । कुनै सुझावको रूपमा र कुनै कार्यान्वयका लागि भनेर २१ बुँदे पत्र आएको छ र त्यसको अध्ययन गर्ने क्रममा छौं । त्यसमा कतिपय कुराहरू भ्रामक, कपोल्कल्पित र नेपाल रेडक्रस सोसाइटीलाई कमजोर बनाउने र संस्थालाई काम गर्न नदिने किसिमको रेडक्रस विरोधी तत्वको मिलेमतोमा त्यो छानविन समिति प्रभावित भएको प्रष्ट देखिन्छ ।

त्यसका बारेमा नेपाल रेडक्रस सोसाइटीका तर्फबाट असार २६ गते पत्रकार भेटघाट कार्यक्रम मार्फत् ती उठेका तमाम विषयहरूलाई यो वैधानिक समितिबाट प्रष्ट पार्ने प्रयत्न गरिएको छ । यसले गर्दा वैधानिक रूपमा नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यसमिति र यसले गरेको कामका बारेमा अनर्गल र अप्रमाणित विषयहरूलाई चिर्ने र सत्य, तथ्य समुदाय समक्ष ल्याउन प्रेस विज्ञप्तिमार्फत् सार्वजनिक गरेका छौं । साथै नियमित पत्रकार भेटघाटका र नेपाल रेडक्रसको रेडियो, पत्रिका, फेसबुक र सामाजिक सञ्जाल र वेबसाइटबाट पनि नियमित रूपमा सार्वजनिक भइरहेको पनि जानकारी गराउन चाहन्छौं ।



### नेपाल रेडक्रस सोसाइटीलाई फल्ड र ब्लड भनेर पनि चिनिन्छ । रक्तसञ्चारका विषयमा पनि सञ्चार माध्यममा कुराहरु आइरहेको देखिन्छ यस विषयमा के भन्नुहुन्छ ?

रक्तसञ्चार सेवा नेपाल रेडक्रस सोसाइटीको फ्ल्यागसीप प्रोग्राम पनि हो । सोसाइटीले २०२३ सालदेखि यो सेवा सञ्चालन गरिरहेको छ । हाल नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय, प्रादेशिक र जिल्लामा गरी एक सयभन्दा बढी रक्तसञ्चार केन्द्रहरूबाट सहज ढगंले रगत र रक्ततत्वहरू उपलब्ध गराइँदै आएको छ । यो सेवालाई समयानुकुल बनाउने र गुणस्तरीय सेवा उपलब्ध गराउने कुरामा नेपाल रेडक्रस सोसाइटी सदैव तत्पर छ । राष्ट्रिय रक्तसञ्चार नीति २०७१ मा उल्लेख भएका विषयहरू जस्तैः रक्तदाता छनोट, स्तरीय सञ्चालन पक्रिया, रक्त परीक्षण, उपकरणहरूको मर्मत संभार र फोहर व्यवस्थापन लगायतका सबै मापदण्डहरू पूरा गरी सर्वसुलभ ढङ्गले गुणस्तरी सेवा प्रदान गर्न नेपाल रेडक्रस सोसाइटी तत्पर छ । काठमाडौंको प्रदर्शनीमार्ग स्थित नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय रक्तसञ्चार भवन भूकम्पबाट क्षति भएपश्चात थाइ रेडक्रसको सहयोगमा सोही स्थानमा रक्तसञ्चार सेवाको अत्याधुनिक सुविधा सम्पन्न भवन निर्माण सम्पन्न भइसकेको छ । समयानुकूल सबै मापदण्ड पूरा गरी सेवा प्रदान गर्नका लागि उपकरणहरूको खरिद प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।

रक्तसञ्चार नीति २०७१ अनुसार पूरा गर्नुपर्ने सबै मापदण्ड र आधारहरू पूरा गरी गुणस्तरीय रक्त सेवा उपलब्ध गराउनु पर्छ भन्ने ढगंले योजनावद्ध रूपमा अगाडि बढिरहेका छौं । नेपाल रेडक्रस सोसाइटीका रक्तसञ्चार केन्द्रहरूबाट हाल विश्वव्यापी रूपमा विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्ड अनुसार हाम्रा सेवाहरू सुचारू छन् । नेपाल रेडक्रस सोसाइटीलाई काम गर्न नदिने र कमजोर बनाउन रक्तसञ्चारका विषयहरूलाई पनि जोडेर केही भ्रामक समाचारहरू आएका छन् । रक्तसञ्चार र संस्थागत सुधारका सम्बन्धमा साथै समाज कल्याण परिषद्बाट उठाइएका कतिपय विषयहरूलाई सुझावको रूपमा लिएर त्यसलाई पालना गर्दै अगाडि बढ्ने कुरामा नेपाल रेडक्रस सोसाइटी तत्पर रहेको कुरा पनि सबैमा अनुरोध गर्न चाहन्छु । ●

# कार्यसमितिको ३२४औं बैठक सम्पन्न

काठमाडौं, असार ७ गते । नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यसमितिको ३२४औं बैठक सोसाइटीका अध्यक्ष, प्राध्यापक सुदर्शनप्रसाद नेपालको अध्यक्षतामा आज नेरेसो केन्द्रीय कार्यालयमा भौतिक र विद्युतीय माध्यमबाट सम्पन्न भएको छ। बैठकमा नेरेसो, केन्द्रीय कार्यसमितिका ९ जना पदाधिकारी तथा सदस्यहरू (अध्यक्ष प्रा. सुदर्शनप्रसाद नेपाल, महामन्त्री भूपतिलाल श्रेष्ठ, उपमहामन्त्री मनोजकुमार थापा, सदस्यहरु : नारायणप्रसाद तिमल्सिना, विनोदकुमार बस्नेत, नरेशप्रसाद सिंह, प्रा.डा. कृष्णप्रसाद गौतम, राजेन्द्रमान ताल्चाभडेल र विष्णुराज नेपाल) केन्द्रीय कार्यालयमा भौतिक रूपमा उपस्थित हुनुहुन्थ्यो भने नेरेसो, केन्द्रीय कार्यसमितिका पदाधिकारी सहित १७ जना पदाधिकारी तथा सदस्यहरू (महिला उपाध्यक्ष, राधा नेपाली, कोषाध्यक्ष, वीरबहादुर बस्नेत र सदस्यहरू : शान्ती चन्द, भगवती शर्मा, कृष्णप्रसाद न्यौपाने, नागेन्द्रप्रसाद चौधरी, दिनेश अर्याल, रामलाल आचार्य, उत्तम जोशी, उमेश थापा, मोहनकुमार श्रेष्ठ, सपूतबहादुर कार्की, यौवनप्रकाश श्रेष्ठ, हरिप्रसाद पौडेल, गुमानराज पुलामी, शिवराम खत्री, मोहन ढकाल) र नेरेसो प्रदेश कार्यसमितिका अध्यक्षहरूको समेत आमन्त्रित सदस्यका रुपमा विद्युतीय माध्यमबाट उपस्थिति रहेको थियो ।



नेरेसो, केन्द्रीय कार्यसमितिको यस ३२४औं बैठकमा नेरेसोको समसामयिक संस्थागत विषय, संस्थाद्वारा हाल सञ्चालन भइरहेका विभिन्न कार्यक्रम तथा परियोजनाहरू, नेरेसो र नेपाल सरकार एवम् सरकारी निकायहरुसँगको समन्वय, सम्बन्ध तथा सहकार्य र यस वर्षको वर्षात्को समयमा नेरेसोले गरिरहेका तथा गर्नुपर्ने पूर्वतयारीसम्बन्धी बैठकमा बृहत् छलफल भएको थियो ।

नेपाल रेडक्रस सोसाइटीको आँखा अस्पताल सञ्चालन नियमावलिको मस्यौदा तयार गरी समितिका संयोजक, मनोजकुमार थापाले नेरेसोका अध्यक्ष, प्रा. सदर्शनप्रसाद नेपाललाई बैठकमा हस्तान्तरण गर्नुभयो। सो मस्यौदा उपर आगामी बैठकमा बृहत छलफल भई उपयुक्त निर्णय गरिने अध्यक्ष नेपालले बताउनुहुँदै बैठकको समापन गर्नुभएको थियो ।

नेरेसो, केन्द्रीय कार्यसमितिको बैठकमा नेरेसोको यस वर्षको मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा विपद् व्यवस्थान विभागमा कार्यरत उपनिर्देशक हरिमोहन श्रेष्ठले प्रस्तुती गर्नुभएको थियो ।



**शिक्षक नायकलाई प्राथमिक उपचार तालिम** : जुम्लाको चन्दननाथ नगरपालिका भित्रका १० वटा विद्यालयका २३ जना शिक्षक नायक र उप शिक्षक नायकहरूका लागि चार दिने प्राथमिक उपचार तालिम सम्पन्न भएको छ। उक्त तालिम स्विस रेडक्रसको आर्थिक सहयोग, नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयको प्राविधिक सहयोग तथा चन्दननाथ नगरपालिका र नेपाल रेडक्रस सोसाइटी जुम्ला जिल्ला शाखाको साझेदारीमा सञ्चालित शहरी पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्य प्रवर्द्वन कार्यक्रम अन्तर्गत सञ्चालन गरिएको थियो ।